प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

सहकारीका विश्वव्यापी सिद्धान्त

- स्वेच्छिक तथा खुला सदस्यता,
- सदस्यहरूद्वारा लोकतान्त्रिक नियन्त्रण,
- सदस्यहरूको आर्थिक सहभागिता,
- स्वायत्तता र स्वतन्त्रता,
- सहकारी शिक्षा, तालिम र सूचना,
- सहकारी-सहकारीबीच पारस्परिक सहयोग,
- समुदायप्रतिको चासो
- सहकारी सिद्धान्तको पालना गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : ५० ॥ २०८१ चैत १३ गते बुधबार (26th Mar 2025 Wednesday) Pratidin National Daily मूल्य-रु.५/-

# कुलमान बर्खास्तीविरुद्ध झापाभरि प्रदर्शन

झापा(प्रस) । नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदबाट हटाएको विषयलाई लिएर झापा जिल्लाभरि प्रदर्शन भएको छ । जिल्लाको बिर्तामोड , दमक , सुरुङ्गा , काँकरभिट्टालगायतका मुख्य नगरहरुमा मंगलवार प्रदर्शन भएको हो । केही ठाउँमा प्रतिपक्षी नेकपा माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टीले विरोध प्रदर्शन गरेका थिए भने केही ठाउँमा युवाहरु स्वतःस्फूर्तरुपमा आन्दोलनमा उत्रिएका छन् ।

यसक्रममा माओवादीनिकट योङ कम्युनिस्ट लिग (वाइसिएल ) झापाको अगुवाईमा मंगलवार साँझ बिर्तामोडमा मसाल जुलुस निकालिएको थियो । बिर्तामोड-१ स्थित पश्चिम स्टेन्डबाट वाइसिएल जिल्ला कमिटी झापाको आयोजनामा जिल्ला अध्यक्ष डेविड शाही ठकुरीको नेतृत्वमा निकालिएको जुलुसमा कोशी प्रदेश अध्यक्ष कुमार आचार्य , जिल्ला इन्चार्ज राजु आचार्य ( अग्नि ), बिर्तामोड नगर अध्यक्ष सिवन दर्नाल, जिल्ला कमिटी सदस्यहरु , गाउँ कमिटी अध्यक्षलगायतको सहभागिता रहेको थियो । जुलुस पश्चिम स्टेन्ड, अधुवा खोला हुँदै मुक्तिचोक पुगेर कोणसभामा परिणत भएको थियो ।





त्यस्तै कुलमान घिसिङलाई पदबाट हटाइएको बिरुद्धमा नेकपा माओवादी केन्द्र दमकको आयोजनामा शान्तिपूर्ण बिरोध प्रदर्शन गरिएको छ । दमक- ८ गणतन्त्र चोकमा रहेको आकाशेपुलको छेउमा हातमा प्लेकार्ड लिएर बिरोध प्रदर्शन गरिएको हो । र्यालीपछि आयोजित कोणसभामा प्रदेश कमिटी सदस्य देवकुमार नेम्बाङ , प्रदेश कमिटी सदस्य तथा दमक नगर इन्चार्ज बेदु गौतम , झापा जिल्ला इन्चार्ज रन्जित तामाङलगायतले संबोधन गरेका थिए ।

त्यस्तै मेचीनगर नगरपालिका- ६ काँकडभिट्टास्थित हनुमान मन्दिर परिसरबाट फोटो पत्रकार देवेन्द्र खरेलको नेतृत्वमा स्वतःस्फूर्त युवाहरुको समूहले प्रदर्शन गरेको छ । विभिन्न नारा लगाउँदै उनीहरुले बजार परिक्रमा गरेका थिए ।

त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीले कन्काई नगरपालिकाको सुरुङ्गामा विरोध प्रदर्शन गरेको थियो । राष्ट्रिय स्वतन्त्र पार्टी कन्काई नगर समितिको आयोजनामा कन्काई -३ सुरुङ्गास्थित एक्सेल बैंक अगाडीबाट र्याली शुरु गरिएको थियो । कन्काई नगर समितिका सभापति मोहन थापाको नेतृत्वमा 'भ्रष्ट सरकार चाहिँदैन, मनपरी गर्न पाईदैन , केपी सरकार मुर्दावाद ,ऊर्जामन्त्री मुर्दावाद ,भ्रष्टहरु होसियार , कुलमान तिम्रो पाराले उज्यालो पाए साराले' जस्ता नाराहरु लगाउँदै टर्च बालेर शान्तिपूर्ण र्याली निकालिएको थियो । उता पाँचथरको फिदिम -१ स्थित गणतन्त्र चोकमा नेकपा माओवादी केन्द्रको विद्यार्थी संगठन , युवा संगठन (अनेरास्ववियु क्रान्तिकारी )र वाइसिएल नेपालको संयुक्त आयोजनामा विरोध प्रदर्शन तथा खबरदारी सभा गरिएको थियो ।

# स्ववियु निर्वाचनको सफलताले कांग्रेस उत्साहित




बिर्तामोड(प्रस) । नेपाली कांग्रेस कोशी प्रदेश सभापति उद्धव थापाले नेविसंघ स्थापनाको इतिहास प्रजातन्त्र स्थापना र जनअधिकारका लागि जोडिएको स्मरण गर्दै स्ववियुमा निर्वाचित विद्यार्थी नेताहरुलाई शैक्षिक समस्या समाधान र लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि काम गर्न आह्वान गरेका छन् ।

नेपाली कांग्रेस झापाको आयोजनामा स्ववियु निर्वाचनमा नेपाल विद्यार्थी संघको तर्फबाट झापाका १३ वटै क्याम्पसका विजेता र उपविजेता विद्यार्थीहरुलाई बधाई, शुभकामना तथा सम्मान कार्यक्रमलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै सभापति थापाले यस्तो आह्वान गरेका हुन् ।असफलताबाट सफलता प्राप्त हुन्छ भन्ने उद्देश्यसहित अंग्रेज उपनिवेशपछि अमेरिकाले गरेको विकास, हिरोसिमा र नागासाकीमा बम आक्रमणपछि बद्लाको भावनाभन्दा बद्लिएर काम गर्नुपर्छ भन्ने जापानको सोच, भोकमरीबाट चिनले गरेको आर्थिक

# एक करोडको अबैध कपडा तथा मोर्टर पार्टस् बरामद

झापा(प्रस) । सशस्त्र प्रहरी बलले ठूलो परिमाणमा अबैध कपडा तथा मोर्टर पार्टस् बरामद गरेको छ । मेचीनगर ६ झिल्केघाम टोलका मदन पोखेलको घरबाट ३९ बोरा र सोही ठाउँ बस्ने उत्तम ठकुरीको घरबाट २० बोरा गरी अनुमानित मूल्य रु. एक करोड बराबरको बिभिन्न प्रकारका कपडा तथा मोर्टर पार्टस् बरामद गरिएको हो । सशस्त्र प्रहरी बल, नेपाल नं. २ गण हे.क्वा. झापाका गणपति सशस्त्र प्रहरी उपरीक्षक तुलबहादुर भण्डारीलाई प्राप्त बिशेष सूचनाको आधारमा मंगलवार बिहान ६ बजे मेचीनगर ६ झिल्केघाम टोलमा सशस्त्र प्रहरी बल, नेपाल नं २ गण हे.क्वा. झापाबाट डीएसपी मदनकुमार रसाईलीको कमाण्डमा २३ जनाको टोली खटिएर उक्त एरिया निगरानी गरेको थियो । दिउँसो १२:३० बजे राजश्व अनुसन्धान कार्यालय इटहरीबाट अनुसन्धान अधिकृत बिदुर गौतमको टोली आएपछि ती सामान बरामद गरिएको हो । बरामद सामान आवश्यक कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय इटहरी लैजाने प्रकृयामा रहेको सशस्त्र प्रहरी बल, नेपाल नं २ गण हे.क्वा. झापाका सूचना अधिकारी डीएसपी सुमन पोखेलले जानकारी दिए ।



# श्रीमती झुन्डिएपछि लालबहादुरले आफ्नै घाँटी रेटे

झापा (प्रस) ।झापाको कन्काईमा घाइते श्रीमानसंग मृत भेटिएकी ४० वर्षीया मनिषा मग्रान्तीले झुन्डिएर आत्महत्या गरेको हुनसक्ने आशंका गरिएको छ । मंगलवार बिहान उनीहरु बस्ने घरको कोठाको भुइँमा उनी मृत फेला परेकी थिइन् भने सोही कोठाको काठको बलोमा नाइलनको सल झुन्डिएको अवस्थामा रहेको थियो । घटनाको प्रकृति हेर्दा मनिषाले सलको पासो लगाई झुन्डिएको र पछि पासो खोलेको जस्तो देखिएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए । उनले मृतकको घाँटीमा सलको पासोको डाम देखिएको र धारिलो हतियार प्रहार भएको नदेखिएको जानकारी दिए । अर्को कोठामा मृतकका श्रीमान ३९ वर्षीय लालबहादुर सार्की घाँटीमा धारिलो हतियार रेटी घाइते अवस्थामा फेला परेका थिए । श्रीमतीले झुन्डिएर आत्महत्या गरेपछि लालबहादुरले धारिलो हतियारले घाँटी रटेको हुनसक्ने आशंका गरिएको छ । घाइते लालबहादुरको छेउमा खुकुरी र छुरी फेला परेको छ । मृतकको शवलाई पोष्टमार्टमको लागि धरान पठाइएको छ भने घाइतेलाई प्रादेशिक अस्पताल भद्रपुर लगिएको छ । दुवै दम्पत्ती दिनहुँ झैझगडा गर्दै आएका थिए । गएराति पनि दुवै जनाले मादक पदार्थ सेवन गरी झगडा गरेको स्थानीयले बताएका छन् । घटनास्थलमा झगडा गरेर मोबाइल फुटाएको भेटिएको थियो । श्रीमती झुन्डिएपछि लालबहादुरले छिमेकीहरुसंग हारगुहार मागेका थिए । तर छिमेकीहरुले सँधैको जस्तो झगडा चलिरहेको भन्दै आएनन् । लालबहादुरको परिवार केही महिनाअघि मात्र त्यहाँ आएको थियो । ताप्लेजुङ सिलाम घर भई कनकाई ५ नारायणदल चौक बस्ने योगेन्द्र बस्यालको घरमा २/३ महिना अगाडीदेखि उनीहरु डेरा गरी बसेका थिए ।

# पूर्व नगर प्रमुख शिवाकोटीविरुद्ध जाहेरीवालासंग बकपत्र

झापा(प्रस) । बिर्तामोड नगरपालिकाका पूर्व नगर प्रमुख ध्रुवकुमार शिवाकोटीविरुद्ध जाहेरी दिएका जाहेरीवालाहरुसंग मंगलवार झापा जिल्ला अदालतमा बकपत्र गरिएको छ । पीडित नाबालिका र अर्का जाहेरीवालासंग मंगलवार बकपत्र गरिएको अदालतका श्रेस्तेदार किरणकुमार सिंहले जानकारी दिए । जाहेरीवालाका तर्फबाट अब दुईजनाको बकपत्र लिन बाँकी रहेको छ। जाहेरीवालाका तर्फबाट बाँकी दुईजना साक्षीको बुधवार बकपत्र गरिने जनाइएको छ । जाहेरीवालाको बकपत्र सकिएपछि पीडक पूर्व नगर प्रमुख शिवाकोटीसंग बकपत्र गरिने भएको छ । चैत ११ गतेदेखि बकपत्र शुरु गरिने अदालतले पत्र पठाएको थियो । तर सोमवार सक्कली मिशिल नभएका कारण बकपत्र शुरु हुन सकेन । सक्कली मिशिल उच्च अदालत इलामबाट झिकाएर मंगलवारदेखि बकपत्र शुरु गरिएको अदालतका श्रेस्तेदार सिंहले जानकारी दिए । झापा जिल्ला अदालतले थुनामा राख्न दिएको आदेशविरुद्ध शिवाकोटीले उच्च अदालत इलाममा पुनरावेदन दिएका थिए । उच्च अदालतले चैत ७ गते सक्कली मिशिल पेश गर्न आदेश दिएपछि चैत ८ गते लगेर त्यहाँ बुझाइएको थियो

कारागार चलानको अदालती आदेशपछि पनि करिब तीन महिनादेखि बीएण्डसी अस्पतालमै रहेका बिर्तामोड नगरपालिकाका पूर्व नगर प्रमुख शिवाकोटीलाई सोमवार अदालतमा पेश गरिएको थियो । जाहेरीवालाहरुको बकपत्र सकिएपछि शिवाकोटीलाई बकपत्रका लागि फेरि अदालत लगिने भएको छ ।

गत पुष २२ गते झापा जिल्ला अदालतले शिवाकोटीलाई पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको थियो । आदेशमा अस्वस्थ्य रहेका शिवाकोटीको उपचारको व्यवस्था मिलाउनसमेत भनिएको थियो । त्यही आदेशबमोजिम झापा कारागारले उनलाई बीएण्डसी अस्पतालमा रहेर उपचार गर्न दिएको हो । उनको स्वास्थ्यमा धेरै सुधार आएकाले केही दिनअघि झापा कारागारका प्रमुख रेवन्त भट्टराईले कारागार पठाउने बताएका थिए । तर अझैसम्म उनलाई बीएण्डसी अस्पतालमै राखिएको छ ।घरेलु कामदारको रुपमा राखिएकी १६ वर्षीया नाबालिकालाई जबरजस्ती करणी गरेको आरोपमा बिर्तामोड नगरपालिकाका पूर्व नगर प्रमुख शिवाकोटी गत मंसिर २४ गते पक्राउ परेका थिए ।

**आदिवासी राजवंशी भाषिक साँस्कृतिक विकास प्रतिष्ठान**

**भद्रपुर , झापा**

**प्रकाशित मिति-२०८१/ १२/१३**

**दोस्रो साधारण सभा तथा २०८२ सालको महान सिरुवा पावनी कार्यक्रमबारे सूचना**

यस आदिवासी राजवंशी भाषिक साँस्कृतिक विकास प्रतिष्ठान भद्रपुरको कार्यसमितिको मिति २०८१/१२/०९ गते बसेको बैठकबाट पारित भएको निर्णय अनुसार संस्थाको सदस्यता नवीकरण , दोस्रो बार्षिक साधारण सभा तथा आदिवासी राजवंशी भाषी अन्तर्गत मनाइने महान सिरुवा पावनी २०८२ को उपलक्ष्यमा संस्थाको तेस्रो सिरुवा पावनी कार्यक्रम यहि मिति २०८२/०१/०२ गते हुने भएकोले यस संस्थाका संस्थापक पदाधिकारी एवं सदस्य , आजीवन सदस्य , साधारण सदस्य , सल्लाहकार सदस्य एवं आदिवासी राजवंशी भाषी अन्तर्गत पर्ने समुदाय, वर्ग , शुभचिन्तक , भद्रभलाद्मी , बुद्धिजीवी तथा सर्वसाधारण सम्पूर्णमा उपस्थित भईदिनको लागि हार्दिक अनुरोध गरिन्छ ।

**कार्यक्रम हुने स्थान : प्रतिष्ठानको प्राङ्गण**

**ठेगाना : भद्रपुर -०६, भातियाबारी**

**समय : विहान ९ बजेदेखि**

नोट : यस संस्थाका सम्पूर्ण साधारण सदस्यता नवीकरण गर्न बाँकी रहेका सदस्यहरुले मिति २०८१/१२/२५ गतेभित्र सदस्यता नवीकरण गर्नु हुन हार्दिक अनुरोध गर्दछौ ।

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरूदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयस्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# प्रदर्शनका लागि तोकियो तीनकुने र भृकुटीमण्डप

झापा(प्रस) । गणतन्त्रको पक्ष र विपक्षमा काठमाडौँमा एकैदिन प्रदर्शन हुँदै छ । चैत १५ मा समाजवादी मोर्चामा आबद्ध नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), नेपाल समाजवादी पार्टी र विप्लव नेतृत्वको नेकपाले भृकुटीमण्डपमा प्रदर्शन गर्दै छन् ।
मेडिकल व्यवसायी दुर्गा प्रसाईं नेतृत्वको 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान'ले पनि त्यसैदिन तीनकुनेमा प्रदर्शन गर्ने भएको छ । नवराज सुवेदी नेतृत्वको 'राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समिति'ले पनि प्रदर्शन गर्ने घोषणा गरेको छ ।

गणतन्त्र पक्षधर समाजवादी मोर्चाले भृकुटीमण्डपमा प्रदर्शन र सभा गर्न स्थानीय प्रशासनसँग अनुमति लिएको छ । प्रसाईं नेतृत्वको समूहले चाहिँ काठमाडौँको तीनकुनेमा प्रदर्शन गर्नेबारे प्रशासनलाई जानकारी गराएका छन् । तर, नवराज सुवेदी नेतृत्वको पूर्व राजसंस्थावादी समूहले चाहिँ प्रदर्शन स्थलबारे सार्वजनिक रूपमा बताएका छैनन् । सो समूहकी सदस्य अस्मिता भण्डारीले राजावादी समूह सबैको एकै ठाउँमा हुने भन्दै तीनकुने नै हुनसक्ने बताइन् ।

समाजवादी मोर्चाले भृकुटीमण्डपमा र राजावादी समूहले तीनकुनेमा प्रदर्शन गर्नेबारे जानकारी गराएको काठमाडौँका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले बताए । दुईस्थान बाहेक अन्यत्र प्रदर्शनको कार्यक्रमबारे आफूलाई जानकारी नभएको प्रजिअ तिवारीले बताए । उनले भने, 'समाजवादी मोर्चा र प्रसाईं नेतृत्वको समूहसँग समन्वय भएको छ, अन्यत्रको प्रदर्शन हाम्रो जानकारीमा छैन ।'
प्रदर्शन गर्नुअघि स्थानीय प्रशासनबाट अनुमति लिनुपर्ने कानुनी व्यवस्था छ । सुवेदी नेतृत्वको 'राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समिति' जिल्ला प्रशासन कार्यालयसँग समन्वय नगरेपनि उनीहरूले प्रसाईंसँगै संयुक्त रूपमा प्रदर्शनको तयारी गरिरहेको बुझेको सुरक्षा अधिकारीहरू बताउँछन् ।
जिल्ला प्रहरी परिसर काठमाडौँका एक जना अधिकृतले भने, 'तीनकुनेमा प्रमुख अतिथि नवराज सुवेदी हुनेगरी तयारी भएको जानकारी पाएका छौँ ।'
चैत १० मा गृह मन्त्रालयमा बसेको सुरक्षा समितिको बैठकमा चैत १५ मा हुने दुई वटा प्रदर्शनबारे छलफल भएको थियो । समाजवादी मोर्चा र पूर्वराजा समर्थकको प्रदर्शनमा देखिनसक्ने सुरक्षा चुनौतीबारे छलफल भएको बैठकमा सहभागी एक जना उच्च अधिकृतले बताए ।

# ठूलो मात्रामा लागूऔषध भित्र्याउन खोज्ने दुई भारतीय पक्राउ



झापा(प्रस) । भारतबाट ठूलो मात्रामा लागूऔषध भित्र्याउन खोज्ने दुई भारतीयलाई प्रहरीले पक्राउ गरेको छ ।
भारत पश्चिम बंगाल उत्तर दिनाथपुर जिल्ला दाकोला गिराम बस्ने ३२ वर्षीय सम्साद खान र सोही ठाउँ २७ वर्षीय साहेव अली ९३ ग्राम ६४० मिलिग्राम (प्लाष्टिकसहित) ब्राउनसुगरसहित पक्राउ परेका हुन् । उनीहरुले पाईन्टभित्र लुकाई छिपाई सेतो प्लाष्टिकमा ब्राउनसुगर ल्याएका थिए ।
सोमवार राति ११ बजे मेचीनगर -६ स्थित मेची खोलाबाट लुकी छिपी नेपालतर्फ पैदल आउँदै गरेको अवस्थामा सशस्त्र प्रहरी बल, नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म काँकरभिट्टाबाट खटिएको टोली, सशस्त्र प्रहरी बल, नेपालद्वरा परिचालन गरिएको ल्याब्राडोर जोजो नामको शिकारी कुकुर र नेपाल प्रहरी लागूऔषध नियन्त्रण व्युरो शाखा कार्यालय काँकरभिट्टाबाट खटिएको संयुक्त टोलीले उनीहरुलाई चेकजाँच गर्दा ब्राउनसुगर फेला परेको थियो । लागूऔषधसहित उनीहरुलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धानको लागि इलाका प्रहरी कार्यालय काँकरभिट्टामा बुझाइएको छ ।

# सुनसरीमा नक्कली परीक्षार्थी पक्राउ



झापा (प्रस) । सुनसरीमा एसइई परीक्षा दिइरहेकी एकजना नक्कली परीक्षार्थी मंगलवार पक्राउ परेकी छन् ।

सुनसरी बर्जु गाउँपालिका वडा नं. ५ अमाही बेल्हामा रहेको नेपाल राष्ट्रिय माध्यमिक विद्यालय परीक्षा केन्द्रमा जनकल्याण माध्यमिक विद्यालयका १८ वर्षीय सन्देश चौधरीको नाममा परीक्षा केन्द्रमा कार्यालय सहयोगीको रुपमा नियुक्त बर्जु गाउँपालिका ५ बस्ने १९ वर्षीया पुष्पाकुमारी पण्डितले परीक्षा दिँदै गरेकी थिइन् । शिक्षा विकास तथा समन्वय इकाई सुनसरीबाट अनुगमनमा खटिएका इकाई प्रमुख खगेन्द्र सुबेदीको टोलीले फेला पारी पुष्पाकुमारीलाई नियन्त्रणमा लिएको हो ।
उता धनकुटा महालक्ष्मी नगरपालिका वडा नम्बर ७ जितपुरमा रहेको जनता माबि परीक्षा केन्द्रमा परीक्षा दिँदै गर्दा राम माबि रामबजार विद्यालयकी छात्रा अन्दाजी १५ वर्षीया शान्ती राई विरामी भएकी छन् । एक्कासि प्रेसर लो भई बिरामी भएपछि उनलाई उपचारको लागि जितपुर स्वास्थ्य चौकी जितपुरमा लगिएको प्रहरीले जनाएको छ ।

# दिल्ली यू-१९ माथि नेपाली युवा टोलीको जित




झापा(प्रस) । आइसिसी यू-१९ विश्वकप छनोटको तयारीमा रहेको नेपाली युवा टोलीले अभ्यास खेलमा भारतको दिल्ली यू-१९ टोलीलाई पराजित गरेको छ।
मंगलबार वीरगञ्जमा भएको पहिलो एकदिवसीय खेलमा नेपालले दिल्लीलाई ५ विकेटले हरायो।
दिल्लीले दिएको ९६ रनको लक्ष्य नेपालले ५ विकेटको क्षतिमा ३१ ओभरमा पूरा गर्‍यो।
नेपालका लागि अमर मिश्रले सबैभन्दा बढी २७ रन जोडे भने रोशन विकले नटआउट २५ रनको योगदान दिए। सिब्रिन श्रेष्ठले १७ रन र कप्तान नरेन भट्टले १८ रन बनाए।
त्यसअघि नेपालका ओपनरद्वय निरजकुमार यादव र शाहिल पटेल दुवै शून्यमा आउट भएका थिए।
पहिले ब्याटिङ गरेको दिल्ली २३.२ ओभरमा ९५ रनमै अलआउट भयो। उसका लागि ओपनर साथक पालले सबैभन्दा बढी २९ रन बनाए।
बलिङमा नेपालका सिब्रिन श्रेष्ठ र अपराजित पौडेलले ३-३ विकेट लिए। विपिनप्रसाद शर्मा र अशोक धामीले २-२ विकेट हात पारे।
विश्वकप छनोटको तयारीका लागि दिल्लीसँग तीन खेलको सिरिज खेलेपछि नेपालले अफगानिस्तानसँग पनि तीन खेलको सिरिज खेल्ने तय छ। अफगानिस्तानसँगको सिरिज चैत २१ देखि मुलपानीमा हुनेछ।

# सरकारले जबर्जस्ती समस्या निम्त्यायो : थापा



झापा(प्रस) ।कांग्रेस महामन्त्री गगन थापाले नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट कुलमान घिसिङलाई हटाउने सरकारको निर्णय सरासर गलत भएको बताएका छन् ।
'यो सरासर गलत काम भएको छ । हामीलाई उहाँहरूले ढाँट्ने काम गर्नुभयो । जुन बेला हामीले नागरिकको असन्तुष्टि हटाउने काम गर्नुपर्ने हो त्यो बेलामा जानीजानी सरकारबाट यस्तो काम गरिएको छ,' महामन्त्री थापाले भने । हात हाल्नै नपर्ने ठाउँमा हात हालेर सरकारले जबर्जस्ती समस्या सिर्जना गरेको पनि उनको भनाइ छ ।
'सरकार चलाउने भनेको कमन सेन्सको कुरा हो । जुन कुरामा हात हाल्नै पर्दैन त्यो कुरामा हात हालेर जबर्जस्ती समस्या सिर्जना गर्नु मुर्खतापूर्ण छ । किन गरेको भन्ने मलाई थाहा छैन,' उनले भने । आफूहरूले पार्टी सभापति शेरबहादुर देउवालाई समेत कुलमानलाई हटाउनु उचित नहुने भनेर पटक-पटक भनेको पनि महामन्त्री थापाले बताए ।

# सहकारीको पसलबाट चोरी गर्ने मगर पक्राउ



बिर्तामोड (प्रस) । दिनदहाडै बिर्तामोड ४ स्थित विराट-अर्जुन उपभोक्ता सहकारी संस्थाको सहकारी पसलबाट चोरी गर्ने युवक पक्राउ परेका छन् ।
पक्राउ पर्नेमा शिवसताक्षी ७ झिलझिले बस्ने २४ वर्षीय विवेक मगर रहेका छन् । उनले गत चैत २ गते बिहान ९.५४ बजे सहकारी पसलबाट १३ हजार ८०० रुपैयाँ चोरी गरेका थिए । सहकारी पसलको सटर बन्द गरेर संचालकहरुले बैठक गरिरहेको मौकामा मगरले चुकुल खोलेर चोरी गरेका थिए । चोरी गर्दै गरेको सीसीटीभी फुटेज भाइरल भएको थियो । त्यसकै आधारमा पहिचान गरी प्रहरीले मंगलवार मगरलाई पक्राउ गरेको हो ।

# राजा फर्काउन राप्रपाले संयुक्त आन्दोलन गर्ने




झापा(प्रस) । राजतन्त्र फर्काउने आन्दोलनमा वर्तमान व्यवस्था विरोधी दल राप्रपाले सहयोग 'लिने र दिने' नीति लिएको छ ।
आन्दोलन मूल समितिको मंगलबार बसेको बैठकबाट राप्रपाले आफ्नो उद्देश्यअनुसार आन्दोलन गर्ने र त्यसका लागि समान विचारधारा भएका समूह तथा मोर्चालाई सहयोग गर्ने र पार्टीले पनि आवश्यक सहयोग लिने नीति लिएको हो । राप्रपा प्रवक्ता मोहन श्रेष्ठले समान उद्देश्य र विचार भएका राजनीतिक दल, संयुक्त जनआन्दोलन समिति, विभिन्न संघ सङ्गठनहरूसँग सहकार्य, कार्यगत एकता वा मोर्चा गठन गरी आन्दोलनका कार्य अघि बढाउने बैठकले निर्णय गरेको बताए ।
यस्तै राजसंस्था तथा हिन्दु राष्ट्र पुनःस्थापनाका लागि अन्य दल र अभियानहरूबाट आयोजना हुने सबै शान्तिपूर्ण र अहिंसात्मक कार्यक्रममा राप्रपाको सहयोग र समर्थन रहने तथा राप्रपाले आयोजना गर्ने आन्दोलनका कार्यक्रमहरूमा पनि सोही बमोजिमको सहयोग लिने र आवश्यकता अनुसार संयुक्त मोर्चा बनाउने निर्णय भएको उनको भनाइ छ ।
राप्रपाले आम जनताको चाहना बमोजिम राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न, राष्ट्रको विकास निर्माण अभियानलाई तीव्रता दिन, राजनीतिक स्थिरता प्रदान गर्न सरकार पूर्णतः असफल भएको निष्कर्ष निकालेको छ ।
'यो केवल सरकारको असफलता मात्रै होइन, विद्यमान राजनीतिक प्रणालीमा रहेको समस्या हो। सरकारहरू परिवर्तन हुँदैमा वा गर्दैमा देश यथास्थितिबाट मुक्त हुन सक्दैन', बैठकपछि पार्टीले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।
लामो समयदेखि त्रुटिपूर्ण मार्गचित्रबाट देश अघि बढ्न नसक्ने निष्कर्षसहित पार्टीले श्रृंखलाबद्ध आन्दोलन र संघर्षका कार्यक्रमहरू गरिरहेको उल्लेख गर्दै राप्रपाले गत वर्ष फागुन ९ गते नै सरकारसमक्ष राजसंस्था र हिन्दुराष्ट्रको पुनःस्थापना, संघीयताको खारेजी लगायतका राजनीतिक, सामाजिक र जनजीविकासँग सम्बन्धित ४० बुँदे मागपत्र पेस गरेको स्मरण गराएको छ ।
आफ्ना मागहरू पूरा गराउन राप्रपा अब सम्पूर्णरुपले आन्दोलन केन्द्रित हुने विज्ञप्तिमा उल्लेख छ ।
जसअनुसार मंगलवार को बैठकमा आन्दोलन मूल समितिको तर्फबाट समितिका सदस्य सचिव, प्रवक्ता ज्ञानेन्द्र शाहीद्वारा प्रस्तुत आन्दोलन सम्बन्धी कार्यक्रम र कार्ययोजना सामान्य परिमार्जनसहित पारित गरिएको श्रेष्ठको भनाइ छ ।

जसअनुसार राप्रपाले चैत २६ गते काठमाडौँमा बागमती प्रदेश स्तरीय आमसभा गर्ने निर्णय गरेको छ। आमसभाका क्रममा व्यापक जनपरिचालन गरिने र सभामा सबैको स्वामित्व बढाउन समान विचार राख्ने दल, अभियान, समूहलाई सहकार्यका लागि आह्वान समेत गरेको छ ।

यस्तै राप्रपाले २०८२ वैशाख ७ गतेदेखि राजधानी केन्द्रित आन्दोलन गर्ने निर्णय पनि गरेको छ । यसैबिच राप्रपाले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई केही समय कार्यकाल बाँकी छँदै बदनियत पूर्ण ढङ्गबाट सरकारले बर्खास्त गरेको भन्दै विरोध गरेको छ ।

# दियोबाट हल्दिवारीमा आगलागी



झापा(प्रस) । दियोबाट आगो सल्किँदा झापाको हल्दिवारीमा एक घर जलेर नष्ट भएको छ ।
सोमवार राति अन्दाजी ८:२५ बजे हल्दिवारी गाउँपालिका वडा न.२ सुकुम्बासी टोल बस्ने बिष्णु कट्टेलको टिनको छानो, खरको टाटीबेरा भएको एक तले घर जलेर नष्ट भएको हो । घरमा बिद्युत लाईन जडान नभएका कारण विष्णुकी छोरी लक्ष्मीले सुत्ने कोठामा दियो बालेर सुतिरहेको अवस्थामा खरको टाटीबाट आगो सल्किएर आगलागी भएको थियो ।
प्रहरी, स्थानीय र भद्रपुर नगरपालिकाको दमकलको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रणमा लिइएको थियो । घर र घरभित्र रहेका लत्ताकपडा, अन्नपात, भाँडावर्तन गरी अन्दाजी ८ लाख बराबरको क्षति भएको जनाइएको छ ।

## स्ववियु...

क्रान्तिको उदाहरण प्रस्तुत गर्दै कोशी प्रदेशका पूर्व मुख्यमन्त्रीसमेत रहेका नेता थापाले भने ,'बदला लिने उद्देश्यले होइन, बद्लिएर काम गर्नुस्, सफलता प्राप्त हुन्छ । निर्वाचन सकिएपछि बद्ला लिने होइन आफू बद्लिएर सबैलाई साथमा लिनुस्, विद्यार्थीको हकहित, शैक्षिक समस्या, लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास एवं पार्टी संगठन बलियो बनाउन भूमिका खेल्नुहोस् ।'
अर्को एक प्रसङ्गमा सडकको जुलुसले राजतन्त्र नफर्कने दावी गर्दै नेता थापाले राजतन्त्र निरंकुश बन्दै गएपछि नेपाली कांग्रेसले संवैधानिक राजतन्त्रको सिद्धान्त परित्याग गरी लोकतान्त्रिक गणतन्त्रको बाटो रोजेको स्पष्ट पारे ।
'वी.पी.ले राजा र मेरो गर्धन एकैठाउँ छ भन्नुभएको थियो, जब राजाहरु निरंकुश हुन थाले तब कांग्रेसले राजतन्त्रको मुद्दा छोडेर लोकतान्त्रिक गणतन्त्रको बाटो लिएको हो'थापाको भनाई थियो ।
आजका युवाको सफलतामा भोलिको देशको भविष्य निर्धारण हुने बताउँदै कार्यक्रमका सभापति नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले स्ववियु निर्वाचनमा प्राप्त सफलताले पार्टीलाई उत्साहित बनाएको बताए ।
कार्यक्रममा नेपाली कांग्रेस झापाका उपसभापति केशवराज पाण्डेले निर्वाचन परिणामले कांग्रेसमा पुरानो पुस्ता र नयाँ पुस्ता सँगसँगै छ भन्ने सन्देश दिएको बताउँदै जितको उन्माद नराखी सबैलाई समेटेर विद्यार्थीको हकहितमा काम गर्न विद्यार्थी नेताहरुलाई आह्वान गरे ।
नेपाली कांग्रेस झापा सभापति देउकुमार थेवेको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेविसंघ झापा सभापति सञ्जय निरौला, कनकाई आदर्श क्याम्पस विर्तामोडका स्ववियु सभापति किरण गुरुङलगायतले मन्तब्य राखेका थिए । कार्यक्रममा निर्मला आचार्यले मुक्तक प्रस्तुत गरेकी थिइन् । नेपाली कांग्रेस झापा सचिव एवं विभागीय प्रमुख नवीन विमलीले स्वागतसहित कार्यक्रमको औचित्यमाथि प्रकाश पारेको कार्यक्रमको सञ्चालन सचिव कृष्ण हुमागाँईले गरेका थिए ।
कार्यक्रममा झापाका १३ वटै क्याम्पसमा विभिन्न पदमा नेविसंघको तर्फबाट उम्मेद्वार बनी विजयी तथा उपविजयी बनेका विद्यार्थीहरुलाई बधाईसहित सम्मान गरिएको थियो ।
गत चैत ५ गते सम्पन्न स्ववियु निर्वाचनमा झापाका गौरीगञ्ज बहुमुखी क्याम्पसमा रोशन यादव, गौरादह कृषि क्याम्पसमा स्वर्णिम अधिकारी, कनकाई बहुमुखी क्याम्पस सुरुङ्गामा बासुदेव निरौला, कनकाई आदर्श क्यामपस विर्तामोडमा किरण गुरुङ, इन्द्रचन्द्र क्याम्पस विर्तामोडमा श्रीजित ढुङ्गाना, शनिश्चरे बहुमुखी क्याम्पसमा विशाल थापा, काँकरभिट्टा बहुमुखी क्याम्पस सुरज राई, मेची बहुमुखी क्याम्पस भद्रपुरमा निलम कार्की, दमक बहुमुखी क्याम्पसमा भुपेन्द्र बस्नेत नेविसंघका तर्फबाट स्ववियु सभापति विजयी भएका थिए । उनीहरुको नेतृत्वमा स्ववियुका विभिन्न पदमा नेविसंघका विद्यार्थीहरु निर्वाचित भएका थिए ।
सितारमेश क्याम्पसमा विवेक वाग्ले, त्रिदेव क्याम्पसमा मनिष गहतराज, गरामनी क्याम्पसमा रोनिश पाठक, गौरादह बहुमुखी क्याम्पसमा मदन सिटौलाको नेतृत्वमा स्ववियु निर्वाचनमा प्रतिष्पर्धा गरेपनि उपविजयी हुनुपरेको थियो । ती क्याम्पसका उपाध्यक्षसहित विभिन्न पदमा नेविसंघका विद्यार्थीहरु विजयी भएका थिए । विजयी तथा उपविजयी विद्यार्थीहरुलाई कार्यक्रमका प्रमुख अतिथि एवं अतिथिहरुले अविर र खादा लगाइदिएर स्वागत सम्मान गरेको सूचना, सञ्चार तथा प्रचार विभाग प्रमुख रश्मिशेखर सुवेदीले जानकारी दिएका छन् ।

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार दक्षिणः श्री विवेक लिङ्देन को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री नारायण गड्तौलाले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ४ | १७९०१ १९ | २२८२ २२७९ | १३५.४ | २०८१/ १० /२९ | २०८१/ ११/०८ | २०८१/ १२/११ |


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# आसन , भाषण र शासन

नेपालका राजनीतिक दलका नेताहरु बिग्रिएको कारण हो – आसन , भाषण र शासन । अचेलभरि सर्वत्र एउटा चलन बढेको छ। त्यो हो जुनसुकै सार्वजनिक सभा, समारोह, उत्सव वा कार्यक्रममा अतिथिलाई 'आसनग्रहण' गराउने चलन। त्यस्ता कार्यक्रममा विशिष्ट अतिथि हुन्छन्, प्रमुख अतिथि हुन्छन्, सभाध्यक्ष हुन्छन्, अन्य गण्यमान्य अतिथि हुन्छन् अनि सामान्य अतिथिगण (अथवा दर्शक वा श्रोता) हुन्छन्।

त्यस्तो सभासमारोह वा हरेक प्रकारको भेला तब मात्र शुरू हुन्छ जब उनीहरूलाई पालैपालो ओहोदाक्रम अनुसार मञ्चमा 'आसनग्रहण' गराइन्छ। कहिलेकाहीं त्यसरी मञ्चमा उक्लिएर आसनग्रहण गर्नेहरूको संख्या उनीहरूका अघिल्तिर दर्शकका रूपमा उपस्थित अन्य अतिथिको भन्दा बढी हुन्छ। यस्तोमा घञ्चमञ्च गर्दै मञ्चमा अतिरिक्त कुर्सी थप्नुपर्ने परिस्थिति पनि पैदा हुन्छ।

आसन त चाहिने नै भयो ग्रहण गर्नलाई। त्यसैले कुर्सी थपिन्छन्। कतिपय अवस्थामा आसनग्रहणकर्ताको कुनै खास भूमिका हुँदैन। उनीहरूलाई केवल शोभा बढाउन मञ्चमा बोलाएर आसन उपलब्ध गराइएको हुन्छ।

कार्यक्रम सञ्चालक वा उद्घोषकद्वारा यसप्रकार मञ्चमा सबैलाई आसनग्रहण गराइरहँदा सामुन्ने पहिलेबाटै आफ्नो आसन जमाएर बसिसकेका जनसामान्य दर्शक निरपेक्षभावमा ताली बजाइरहन बाध्य हुन्छन्। आसनग्रहणको यो कर्मकाण्ड सम्पन्न भएपछि बल्ल शुरूआत हुन्छ वास्तविक कार्यको उपक्रम जसका लागि भेलाको आयोजना गरिएको हुन्छ।

रमाइलो त के छ भने, कसैले बोल्न थाल्दैमा वा भाषण गर्न शुरू गर्दैमा आसनग्रहणको यो सिलसिला टुंगिंदैन। यो क्रम कार्यक्रम अवधिभर अटुट चलिरहन्छ। नियत समयमा नियत ठाउँमा पुग्ने संस्कार त हाम्रो समाजमा विकसित हुन बाँकी नै छ।

समयलाई अमूल्य त भन्छौं, तर समयको सरासर अपव्यय गरिने यो कस्तो वाहियात परम्परा अँगालेका छौं हामीले आजको गणतान्त्रिक नेपालमा? जुन प्रयोजनका लागि भेला गरिएको हो सोझै त्यो कार्य सम्पन्न गरे भइहाल्यो। जस्तो– कसैको भाषण वा प्रवचन छ भने त्यो होस्, कसैले गीत गाउनु छ भने गाओस्, नाच्नु छ भने नाचोस्, संवाद गर्नु छ भने त्यो गरोस्। जुन कार्यव्यापारका लागि भेला भएको हो त्यो कार्य सम्पन्न गऱ्यो, काम सकियो। संयुक्त राज्य अमेरिकाका तीसौं राष्ट्रपति क्यालभिन कुलिजले 'द बिजनेश अफ बिजनेश इज बिजनेश' भने झैं कामसित कामको मतलब राख्नुपर्छ। व्यर्थमा आसनग्रहणको यो तमाशा किन?

समानता र मानवीय मर्यादा जस्ता शब्दले कुनै अर्थ राख्छन् भने, समयको सदुपयोग गर्ने बानी बसाल्ने हो भने र आफ्नो आचरण र संस्कारलाई आधुनिक युग अनुकूल बनाउने हो भने यो भद्दा चलन जति सक्यो छिटो छाड्नु विवेकसम्मत हुनेछ।




# अर्थतन्त्रलाई पर्यटनको टेको



• कृष्णमणि पराजुली

प्राकृतिक सम्पदाले नेपाल धनी मानिन्छ । त्यसमा पनि विकासका लागि धेरै सम्भावना बोकेको क्षेत्र भनेको पर्यटन नै हो । अहिलेको अवस्थामा पनि पर्यटन क्षेत्रले राम्रो आम्दानी गरेको छ । विभिन्न आर्थिक क्षेत्र खस्कँदै गएको अवस्था भए पनि यस क्षेत्रले भने राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक भूमिका खेलेको छ । अर्थतन्त्रका बाह्य सूचक सकारात्मक भए पनि आन्तरिक सूचक खस्कँदै गएका छन् । आन्तरिक उत्पादन खस्कँदै गएकाले उद्योगधन्दा, कलकारखाना पूर्ण क्षमतामा सञ्चालनमा आउन सकेका छैनन् । अर्थतन्त्रको यस्तो कमजोर अवस्थामा पनि पर्यटन क्षेत्रले भने राष्ट्रिय अर्थतन्त्रमा सहयोग पुऱ्याएकै छ ।

बैङ्क तथा वित्तीय संस्थामा प्रशस्त मात्रामा तरलता थुप्रिएको छ । प्रत्येक महिना बैङ्क ब्याजदर घट्दै गएको भए पनि उद्योगी व्यवसायी ऋण लिन चाहिरहेका छैनन् । बजारमा वस्तुको माग सिर्जना नभएकाले कर्जा प्रवाह हुन सकेको छैन । कुल गार्हस्थ उत्पादनको ८० प्रतिशतभन्दा बढी योगदान निजी क्षेत्रको भएकामा अहिले यही क्षेत्र शिथिल भएको छ । त्यसकारण अहिले देशको आन्तरिक अर्थतन्त्र कमजोर भएको छ ।

यस्तो कमजोर अवस्थामा पनि राष्ट्रिय अर्थतन्त्रमा योगदान दिने क्षेत्र भनेको पर्यटन नै हो । नेपाल जस्तो अल्पविकसित मुलुकका लागि यस क्षेत्रको विकास नगरी देशको विकास गर्न सकिँदैन । यसको विकासका लागि आवश्यक हुने आधार हामी कहाँ पर्याप्त रहेका छन् । मुख्य समस्या तिनीहरूको परिचालन हुन सकेको छैन ।

नेपालको भौगोलिक अवस्थिति पनि एकदम पर्यटन अनुकूल रहेको छ । दक्षिणको समथर तराईदेखि विश्वको सर्वोच्च टाकुरो सगरमाथा पनि यहीँ पर्छ । दक्षिणदेखि उत्तरतर्फ उचाइ बढ्दै गएकाले विभिन्न प्रकारका हावापानी पाइने हुनाले पर्यटकको रुचि अनुसार उनीहरूको गन्तव्य निर्धारण हुन सक्छ । तराईमा बढी गर्मी हुन्छ भने जति माथि गइन्छ उति ठण्डा हावापानी पाइन्छ । अझ हिमाली क्षेत्रमा त बाह्रै महिना हिउँ हुन्छ । यसरी तराईको प्रचण्ड गर्मीदेखि उच्च पहाडको हिमाली क्षेत्रमा हिउँ हुने हुँदा पर्यटकले आफ्नो रुचि अनुसार भ्रमण गर्न सक्छन् ।

भूधरातल र भौगोलिक अवस्थितिले गर्दा विभिन्न जातजातिको बसाबास भएको र उनीहरूले मनाउने चाडपर्व तथा वेशभूषा पनि विभिन्न किसिमका छन् । यत्ति सानो मुलुकमा यसरी विभिन्न पृथक्ता बिरलै हुने गर्छ । यस कारणले गर्दा पनि नेपाल पर्यटन प्रवर्धनका लागि उपयुक्त छ ।

नेपाल प्राकृतिक सम्पदाले मात्र भरिपूर्ण भएको होइन कि अन्य धार्मिक तथा मठमन्दिर, चैत्य, गुम्बा, पाटीपौवा आदि भएका हुनाले पनि यसको आकर्षण बढ्दै गएको छ । त्यसैले पनि पर्यटकको संख्यामा पनि वृद्धि भएको छ । बौद्ध धर्मावलम्बीको आस्थाको केन्द्र गौतम बुद्धको जन्मस्थल लुम्बिनी नेपालमा पर्छ । अहिले बुद्ध धर्मका अनुयायीको ठुलो संख्या लुम्बिनीमा आइरहेकाले यस क्षेत्रको विकास तीव्र गतिमा भइरहेको छ । पवित्र पशुपतिनाथको मन्दिर पनि नेपालमा भएकाले यहाँ पनि ठुलो संख्यामा पशुपतिनाथको दर्शन गर्न आउने धार्मिक पर्यटकको आगमनले नेपालको पर्यटन क्षेत्रको विकासमा ठुलो योगदान पुगेको छ ।

पर्यटनलाई नेपालको अर्थतन्त्रको आधारशिला मान्न सकिन्छ । यस क्षेत्रको विकास गर्न जति सहज देखिन्छ, अन्य क्षेत्रको त्यति सहज देखिँदैन । पर्यटन क्षेत्र नेपालको यस्तो क्षेत्र हो, जसको आधारशिला प्रकृतिले नै निर्माण गरिदिएको छ । प्रकृतिप्रदत्त वस्तुको पूर्वाधार निर्माण गर्न सकिए मात्र पनि राज्यले ठुलो आम्दानी गर्न सक्छ ।

कुनै स्थल पर्यटकको उपयुक्त गन्तव्य भए पनि त्यहाँ पुग्न यातायातको अभाव छ । यातायात पुगे पनि कतिपय ठाउँमा होटेल तथा रेस्टुरेन्टको अभाव छ । त्यसकारण पर्यटकीय दृष्टिकोणबाट सम्भावनै सम्भावनाको स्थल भए पनि ती क्षेत्रको आवश्यक पूर्वाधार विकास गर्न नसकिँदा राज्यले पर्यटन क्षेत्रबाट जति फाइदा लिन सक्नुपर्ने थियो, त्यति लिन सकिरहेको छैन ।

विश्वमा आठ हजार मिटरमाथिका टाकुरा जम्मा १४ वटा छन् । त्यसमध्ये नेपालमा मात्र आठ वटा छन् र सर्वोच्च शिखर सगरमाथा पनि हाम्रै देश नेपालमा पर्छ । यसले के देखाउँछ भने पर्यटन क्षेत्रमा नेपाल धेरै धनी छ । विश्वको सर्वश्रेष्ठ चुचुरो नेपालमा हुनु भनेको हाम्र लागि भाग्यको विषय हो । हाम्रो सगरमाथा न हराउन सक्छ न नासिन सक्छ न खुम्चिएर सानो हुन्छ न त यसको आकारप्रकारमा नै कुनै कारणले परिवर्तन आउन सक्छ । यो त जुगौंजुगसम्म जीवित रहिरहने प्राकृतिक सम्पदा हो । जसको विकासबाट देशले निरन्तर आम्दानी प्राप्त गरिरहने स्थायी स्रोत बन्न सक्छ ।

नेपालीको सान नै विश्वको सर्वोच्च टाकुरो भएको देश भनेर पहिचान स्थापित गराउन सकिइरहेको छ । नेपाल भनेर चिन्न नसक्नेका लागि विश्वको सर्वोच्च शिखर भनेर परिचय गराउन पाउँदा नेपाल र नेपालीले गौरवको अनभूति गर्न पाइएको छ ।

सगरमाथासहित आठ वटा सर्वोच्च टाकुरा त नेपालमा नै पर्दछन् भने हामीले पर्यटन क्षेत्रमा कति धेरै सम्भावना बोकेका रहेछौं भन्ने सजिलै अनुमान लगाउन सकिन्छ । यी आठ वटा हिमाल मात्र होइनन्, यिनीहरूको हिमशृङ्खला पनि पर्यटकका लागि त्यत्तिकै आकर्षणको क्षेत्र हो । कोही पर्यटक सर्वोच्च सगरमाथा आरोहण गर्न आएका हुन्छन् भने कोही पर्वतीय पदयात्रामा आकर्षित देखिन्छन् । यसरी हिमाल र हिमशृङ्खलाले नेपालको आर्थिक विकासमा ठुलो योगदान पुऱ्याएको छ ।

विभिन्न आर्थिक क्षेत्र विकास हुन नसकिरहेको अहिलेको अवस्थामा पर्यटन क्षेत्रको विकासबाट समग्र देशको विकास गर्न सकिन्छ । पदयात्रा, विभिन्न दर्शनीय स्थल पर्यटकका लागि आकर्षण बन्दै गएका छन् । नेपालमा पर्यटन क्षेत्रको विकासका यति धेरै सम्भावना छन् कि तिनीहरूको आकलन गर्न नै सकिने अवस्था छैन । तिनीहरूबाट जति फाइदा लिन सकिन्थ्यो, त्यति लिन सकिएको छैन । यस्तो विकासको सम्भावना बोकेको क्षेत्र ओझेलमा पर्नु आर्थिक दृष्टिकोणबाट राम्रो मान्न सकिँदैन । यही हिमालय क्षेत्रको कारणबाट नेपालको पर्यटन व्यवसाय आकर्षणको केन्द्र बन्दै गएको छ ।

सगरमाथा हेर्न मात्र भए पनि धेरै पर्यटक नेपाल आउने गरेका छन् । हामीले अरू केही गर्न नसके पनि हिमाल देखाएर मात्र पनि धेरै पर्यटक भित्र्याउन सकिरहेका छौं । बुझ्नुपर्ने कुरा के छ भने प्रत्येक वर्ष नेपाल आउने पर्यटकको संख्यामा वृद्धि हुँदै गए पनि तिनीहरूको बसाइ भने लम्ब्याउन सकिएको छैन । अहिले सालाखाला १३ दिन मात्र उनीहरूको बसाइ छ । उनीहरूको बसाइ लम्ब्याउन सकियो भने निश्चय नै यस क्षेत्रबाट नेपालले राम्रो विदेशी मुद्रा आर्जन गर्न सकिने छ ।

आठ हजारमाथिका हिमालका टाकुराभन्दा पनि सस्तो र सजिलैसँग आरोहण गर्न सकिने साना हिमालतर्फ धेरैको आकर्षण रहेको छ । यस्ता हिमाली क्षेत्रको विकासमा सरकारको ध्यान जानु पर्छ । अहिले आएर नयाँ नयाँ हिमालप्रति पर्यटकको चासो बढ्दै गएको छ । भर्जिन हिमाल चढ्न पर्यटकको रुचि बढेको देखिन्छ । नयाँ हिमाल आरोहण गर्दा आफैं बाटो बनाउँदै जान रुचि राख्ने पर्यटकको संख्या पनि बढ्दै गएकाले यसको व्यवस्थापनतर्फ पनि सम्बन्धित निकायको ध्यान जानु आवश्यक छ । यस क्षेत्रको समग्र विकासका लागि नयाँ कार्यक्रम ल्याएर अविलम्ब कार्यान्वयन गरिनु पर्छ । नेपालका हरेक ठाउँ पर्यटन गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावना छ ।

पर्यटन व्यवसायको सम्भावाना धेरै रहेको भए पनि अहिले यस क्षेत्रको विकास राम्रोसँग भएको देखिँदैन । मुख्य कुरो पर्यटकको बसाई अवधि लम्ब्याउन सकिएको छैन । उनीहरूको बसाइँ अवधि लम्ब्याउन नयाँ नयाँ मनोरञ्जनका कार्यक्रम ल्याउनु पर्छ । एकल उद्देश्य लिएर आउने पर्यटकलाई अन्य उद्देश्यमा सहभागिता गराउनु पनि त्यत्तिकै आवश्यक छ । सगरमाथा आरोहण तथा पर्वतारोहणको उद्देश्य राखेर आउनेलाई पशुपति, लुम्बिनी, पोखरा तथा अन्य यस्तै पर्यटकीय क्षेत्र र धार्मिक स्थलको भ्रमण तथा पदयात्रालगायतका क्षेत्रमा लैजान सकिन्छ । निश्चय नै यस्ता गतिविधिले पर्यटकको बसाइ लम्बिने छ ।

अहिले जलयात्राको पनि सम्भावना बढ्दै गएको छ । पर्यटनको क्षेत्र व्यापक छ, यसको विकास सरकारबाट मात्र सम्भव छैन । सरकार र निजी क्षेत्रको संयुक्त प्रयासबाट यसको विकास गरिनु पर्छ । नेपालमा पर्यटन व्यवसायको सम्भावना अत्यधिक छ । भारत र चीन जस्ता भूगोल र जनसंख्याको दृष्टिकोणबाट ठुला दुई छिमेकी देश भएका कारण गर्दा यस क्षेत्रको विकासका धेरै सम्भावना रहेको पाइन्छ किनभने भारतसँग खुला सिमाना भएको र प्रवेशाज्ञा आवश्यक नहुने भएकाले पर्यटक संख्या बढाउन सकिने छ । उत्तरतर्फको छिमेकी देश चीनबाट पनि पर्यटन भित्र्याउन सकिने आधार निर्माण हुँदै गएको छ । ठुलो जनसंख्या भएका यी दुई मुलुकबाट थोरै मात्र जनसंख्या नेपाल भित्रिए पनि नेपाललाई धेरै फाइदा हुने छ ।

# सार्थक समावेशीकरणको खाँचो



• मीना मरासिनी

राज्यको मूल प्रवाहमा आउन नसकेको तथा सहभागिता र अवसरबाट वञ्चित रहँदै आएको वर्ग, क्षेत्र, लिङ्ग तथा समुदायलाई राज्यप्रदत्त लाभ र अवसरमा समान हिस्सेदारी र सहभागिता सुनिश्चित गर्ने प्रक्रिया नै समावेशीकरण हो । समावेशीकरणको अवधारणाले राज्यका उत्पादनशील स्रोतसाधन माथिको पहुँच, उपभोग तथा नियन्त्रणमा समता र न्याय, प्रशासनिक जिम्मेवारी, राजनीतिक प्रतिनिधित्व, शासनमा सहभागिता तथा पहिचानसहितको सामाजिक सम्मान जस्ता विषय समेट्छ । सामाजिक न्यायको आधारशीलाको रूपमा रहेको समावेशीकरणमा आर्थिक लाभको समन्यायिक वितरण तथा समता र सशक्तीकरण जस्ता विषय पर्छन् । प्राकृतिक न्यायको सिद्धान्त अनुसार सामान्य कानुनको प्रयोगमा राज्यले आफ्ना नागरिकहरूको बिचमा विभेद गर्न पाउँदैन तर राज्यप्रदत्त लाभ र सेवाको समान रूपमा उपभोग गर्ने सन्दर्भमा विद्यमान अवस्थामा प्रतिस्पर्धा गर्न नसक्ने कमजोर वर्गलाई संरक्षणका साथै सशक्तीकरण गर्नु राज्यको दायित्व हो । यसरी लोकल्याणकारी लोकतान्त्रिक राज्यले कमजोर वर्गलाई समेत समानताको हकको समान उपभोग गर्न सक्ने बनाउन संविधान तथा कानुनमै व्यवस्था गरी समताको नीति अख्तियार गरेको हुन्छ । यस अर्थमा समावेशीकरणलाई वास्तविक समानता कायम गर्ने वितरणात्मक न्यायको एक विधि भन्न सकिन्छ ।

समावेशीकरणको सन्दर्भमा नेपालको वर्तमान संविधान विश्वकै उत्कृष्ट तथा प्रगतिशील संविधानको रूपमा रहेको विश्वका विभिन्न संविधान तथा राजनीतिक प्रणालीहरूको तुलनात्मक अध्ययनबाटै पाउन सकिन्छ । संविधानको प्रस्तावनामै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने विषय उल्लेख छ । संविधानको धारा ४ मा नेपाल समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख राज्य भएको कुरा लिपिबद्ध गरिएको छ । मौलिक हक अन्तर्गत धारा १८ मा समानताको हकमा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, असक्त असहाय, पिछडिएको क्षेत्र तथा आर्थिक रूपले विभिन्न खस आर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण र विकासका लागि विशेष व्यवस्था गरिने कुरा उल्लेख हुनुका साथै धारा ४२ मा सामाजिक न्यायको हकमा पनि सामाजिक रूपले पछाडि परेका तथा आर्थिक रूपले विपन्न वर्गलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेलगायतका प्रावधान रहेका छन् । संविधानमा रहेको महिलाको हक, दलितको हक, सामाजिक सुरक्षाको हकका अन्तरनिहित प्रावधानले समेत सीमान्तकृत वर्गको सशक्तीकरण तथा समावेशीकरणलाई राज्यको बाध्यकारी संवैधानिक दायित्वका रूपमा परिभाषित गरेका छन् ।

संविधानमा रहेको राज्यको निर्देशक सिद्धान्त अन्तर्गत राज्यको राजनीतिक, सामाजिक र आर्थिक उद्देश्यका साथै राज्यको नीति अन्तर्गत सामाजिक न्याय तथा समावेशीकरणको नीतिमा उल्लेखित व्यवस्थाले समावेशीकरण र सामाजिक न्यायलाई राज्यको मार्गनिर्देशनका रूपमा रहने प्रस्ट पारेको छ । संविधानको धारा २५८ मा संवैधानिक आयोग अन्तर्गत समावेशी आयोगको व्यवस्था गरिएको छ, जसले पछाडि पारिएको तथा विपन्न वर्ग र क्षेत्र र समुदायको हक अधिकारको संरक्षणका लागि अध्ययन अनुसन्धान गर्ने, समावेशीकरणको सन्दर्भमा नेपाल सरकारले अवलम्बन गरेको नीति तथा कानुनको कार्यान्वयनको अध्ययन तथा सुधारका लागि सुझाव दिने, समावेशीकरणको व्यवस्थाको पुनरावलोकनका लागि सुझाव दिने, अल्पसंख्यक र सीमान्तकृत समुदायसम्बन्धी कानुनमा समयानुकूल परिमार्जनका लागि सिफारिसलगायतका कार्य गर्ने विषय संविधानमा लेखिएको छ ।

समावेशी आयोगसँगै महिला आयोग, दलित आयोग, आदिवासी जनजाति आयोग, थारू आयोग, मुस्लिम आयोग, मधेशी आयोग जस्ता आयोगहरू संवैधानिक आयोगको रूपमा स्थापित गर्ने व्यवस्था संविधानले गर्नु सीमान्तकृत वर्गको पहिचान तथा सशक्तीकरणको दिशामा महत्वपूर्ण कदम मान्न सकिन्छ ।

संविधानले राष्ट्रपति तथा उपराष्ट्रपतिमध्ये एक जना महिला हुनुपर्ने, सभामुख र उपसभामुखमा पनि फरक लिङ्ग वा समुदायको हुनुपर्नेलगायतका व्यवस्था गर्नुका साथै संवैधानिक निकायहरू, राजदूत तथा राज्यका अन्य निकायमा पदपूर्ति गर्दासमेत समावेशी सिद्धान्तका आधारमा गर्नुपर्ने व्यवस्था गरेको छ । प्रतिनिधि सभामा अनिवार्य रूपमा कम्तीमा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनुपर्ने, राष्ट्रिय सभामा समेत महिला, दलित वा अल्पसंख्यकको अनिवार्य प्रतिनिधित्वको व्यवस्था, जननिर्वाचित प्रादेशिक तथा स्थानीय सरकार तथा निकायहरूमा समेत महिला, दलितलगायतको निश्चित प्रतिनिधित्व सुनिश्चित गरिनुले समावेशीकरणको सवालमा खास गरी प्रतिनिधित्वको मुद्दामा वर्तमान संविधान अहिलेसम्मकै क्रान्तिकारी तथा उदार रहेको छ । समानुपातिक समावेशीकरणको संवैधानिक व्यवस्थालाई मूर्तरूप दिनका लागि निजामती सेवा ऐनलगायत विभिन्न सरकारी सेवा ऐनहरूमा तत् तत् वर्ग क्षेत्र तथा समुदायका लागि सेवा प्रवेशमा आरक्षणका साथै वृत्ति विकासमा समेत विशेष एवं सकारात्मक विभेदको व्यवस्था गरिएको छ । निजामती सेवामा ४५ प्रतिशत कोटा आरक्षण गरी त्यसबाट महिला, आदिवासी जनजाति, मधेशी, दलित, अपाङ्गता भएका र पिछडिएको क्षेत्रका लागि प्रतिशत छुट्याइएको छ । त्यस्तै सैनिक सेवा, प्रहरी र सशस्त्र प्रहरी, सार्वजनिक संस्थान तथा अन्य सरकारी निकायले पनि पदपूर्तिमा समावेशीकरणको नीति अख्तियार गरेका छन् । सरकारी निकायमा मात्र होइन अहिले निजी, गैरसरकारी संस्थाहरूले समेत कर्मचारी भर्नामा महिला, पिछडिएका वर्ग तथा समुदायलाई प्राथमिकता दिइने भनी दरखास्त आह्वान गर्दाखेरि नै सूचनामा उल्लेख गर्ने गरेको पाइन्छ । यसबाट के प्रस्ट हुन्छ भने हाम्रो समग्र राज्य संयन्त्रमा सीमान्तकृत वर्गलाई समावेश गर्ने क्रम निरन्तर बढ्दो छ तर समावेशीकरणका यस्ता प्रयासबाट वास्तविक लक्षित वर्गले लाभ लिई समावेशीकरणको अभीष्ट पूरा भएको छ कि छैन ? भन्ने प्रश्न सबैभन्दा महत्वपूर्ण हुन्छ ।

समावेशीकरण सामाजिक न्यायसम्म पुग्ने एक खुट्किलो हो । यसमा चार तह हुन्छन् : पहिचान, प्रतिनिधित्व, पहुँच र प्रतिफल । हामी भने एकैचोटि दोस्रो खुट्किलोमा उक्लिएर त्यहीँ अलमलिएका छौँ । पहिलो खुट्किलो अर्थात् पहिचानको तहमा राम्ररी नटेकिकन दोस्रोमा उक्लेको हुँदा दोस्रो पाइला धर्मराएको छ । वञ्चितीकरणमा परेको खास वर्गको पहिचान, उक्त वर्गको उत्थान, सशक्तीकरण तथा विकासको खाका तयार गरी प्रतिनिधित्वको तहमा उक्लिनुपर्नेमा समावेशीकरणलाई मनोगत रूपमा जातीयता, क्षेत्रीयता तथा लैङ्गिकताको पगरी गुथाइयो । फलतः समावेशीकरणको लाभ तत् तत् आरक्षित समूहका माथिल्लो वर्ग, सहरीया तथा टाठाबाठाले मात्रै एक्लै कुम्ल्याउने र वास्तविक सीमान्तकृत तथा गरिबलक्षित वर्ग त्यो लाभ प्राप्त गर्ने हैसियतमै पुग्न नसक्ने अवस्था रहिरहेको छ ।

संविधानले मूल प्रवाहीकरण गर्नुपर्ने भनेर किटान गरेका गरिब, मजदुर, किसान तथा आर्थिक सामाजिक रूपले पिछडिएका वर्गलाई बेवास्ता गर्दै सबैखाले महिला, जनजाति तथा मधेशीलगायतलाई आरक्षित समूहको डालोमा हालियो । यस्तो व्यवस्थाले ती आरक्षित समुदायको संख्यात्मक प्रतिनिधित्व राज्यव्यवस्थामा एक हदसम्म सुनिश्चित हुँदै गएको अवस्था छ तर चाहे महिलाको नाममा होस् चाहे आदिवासी जनजाति वा मधेशीलगायतका नाममा नै किन नहोस् आरक्षणको लाभ प्राप्त गर्नेमा त्यो आरक्षित समूहभित्रको हुनेखाने वर्ग नै रहने गरेको छ, जसलाई आरक्षणको व्यवस्था नहुँदा पनि खासै फरक पर्दैनथ्यो तर महिला, आदिवासी, मधेशी, पिछडिएको क्षेत्र, अपाङ्गता, दलितभित्रका साँच्चिकै गरिब, सीमान्तकृत वर्गले आरक्षणको लाभ उठाउन सक्ने अवस्था नै छैन ।

निजामती सेवाकै कुरा गर्दा महिलाका लागि छुट्याइएको कोटामा निजामती सेवा, अन्य सरकारी तथा गैरसरकारी क्षेत्र, उच्च तहमा रहेका हुनेखाने वर्गका छोरी, बुहारीहरूले आरक्षणको अधिकांश कोटामा कब्जा जमाउने गरेको पाइन्छ । महिलाका निम्ति आरक्षित कोटामा छनोट हुने महिला उम्मेदवारमा जातीय, क्षेत्रीय रूपमा पटक्कै विविधता पाइँदैन र त्यसमा पनि बाहुन क्षेत्री महिलाकै अधिकता पाइन्छ । आदिवासी जनजातीको कोटामा उत्तीर्ण हुने उम्मेदवारको कुरा गर्ने हो भने त आर्थिक सामाजिक रूपले समुन्नत रहेका केही सीमित आदिवासी जनजातिहरू मात्र लोक सेवाको परीक्षामा सहभागी हुने र

❖ बाँकी तेस्रो पृष्ठमा

# सरकारको चौतर्फी विरोध

झापा(प्रस) । दुईतिहाई शक्तिशाली सरकार नागरिकका असन्तुष्टिलाई सम्बोधन गर्नुको साटो उल्टै जनभावनामाथि प्रहार गर्न लागिपरेको छ। जनचाहनाविपरीत नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकबाट कुलमान घिसिङलाई हटाएपछि कांग्रेस-एमाले गठबन्धन सरकार बिचौलियाले चलाएको पुष्टि भएको आमबुझाइ छ। सोमबारको मन्त्रिपरिषद् बैठकले विद्युत् प्राधिकरण प्रमुखबाट घिसिङलाई हटाएर हितेन्द्रदेव शाक्यलाई नियुक्त गरेको थियो। कांग्रेसका तर्फबाट ऊर्जामन्त्री रहेका दीपक खड्काको पटक-पटकको प्रयासपछि सरकारले उक्त निर्णय लिएको हो।

तर यो निर्णयमा अधिकांशले आपत्ति जनाउँदै सरकारको चर्को आलोचना गरेका छन्। विश्वव्यापी संसदीय मान्यताविपरीत एकसाथ सत्ताको भऱ्याङ उक्लिएका कांग्रेस-एमाले सरकारप्रति सुरुदेखि नै असन्तुष्टि व्यक्त हुँदै आएको थियो। अहिले घिसिङलाई हटाउने निर्णयपछि सरकार झन् चौतर्फी घेराबन्दीमै परेको छ।

आफ्नै कार्यसम्पादन मूल्यांकनमा ‘आफैँ फेल’ भएको सरकारले ‘शतप्रतिशत अंक ल्याउने’ घिसिङलाई हटाएर ‘जनआक्रोशको आगोमा घ्यू थप्ने काम’ गरेको देखिन्छ। सरकारको यो कदमपछि अहिले सर्वत्र विरोध भइरहेको छ।

नेता, कलाकार, पत्रकार, नागरिक आगुवादेखि सर्वसाधारणसम्म सरकारप्रति आक्रोशित छन्। यो आक्रोश सडकमा पनि देखिने निश्चित छ। मंगलबार नै सडकमा केही प्रदर्शन भए। यो प्रदर्शन रोकिनेभन्दा झन् चर्किने निश्चितप्रायः छ।

संसद्को पहिलो र दोस्रो दल संविधान संशोधनको बहानामा एकसाथ सरकारमा जाँदै गर्दा धेरै आश्वासन बाँडेका थिए। आफूहरू मिल्नुको औचित्य प्रष्ट्याउँदै उनीहरूले भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्दै विकास निर्माण अभियानलाई तीव्रता दिने र अर्थतन्त्रमा सुधार गर्ने बताएका थिए।

दुई ठूला मिल्दै गर्दा केही आशंकाबीच पनि नागरिकले धेरै अपेक्षा गरेका थिए तर यी सबै काममा शक्तिशाली सरकार कमजोर देखियो। सरकार आफ्नै मूल्यांकनमा पास हुन सकेन।

चालू आर्थिक वर्षको पहिलो ६ महिना (साउनदेखि पुससम्म)मा सम्पन्न हुनुपर्ने प्रगति विवरणअनुसार प्रधानमन्त्री केपी ओलीसहित १२ मन्त्रालयले ‘पासमार्क’समेत ल्याउन सकेनन्। यो प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयकै रिपोर्टले देखाएको हो।

स्वमूल्यांकनमै पास हुन नसकेको सरकारप्रति नागरिक खुसी हुने कुरै भएन। क्रमशः बढ्दै गएको असन्तुष्टि राजावादीहरूको आन्दोलनमा छचल्कियो। फागुन २५ गते पूर्वराजा ज्ञानेन्द्र शाहको स्वागतका नाममा विमानस्थलमा देखिएको त्यही भीडबाट राजावादीहरू हौसिएका छन्।

यस्तो अवस्थामा सरकार जनभावनालाई ध्यानमा राखेर अघि बढ्नुपर्नेमा उल्टो निर्णय किन लियो? अहिलेको परिस्थितिमा पनि राज्यसत्तामा रहेकाहरू जनचाहनाविपरीत चल्नुमा सीमित व्यक्तिको स्वार्थ र आर्थिक चलखेलले काम गरेको ठान्छन् राजनीतिक विश्लेषकहरू।

कुलमानलाई बर्खास्त गर्ने सरकारको निर्णयबाट ९९.९९ प्रतिशत जनता खुसी नरहेको बुझाइ राजनीतिक विश्लेषक पुरञ्जन आचार्यको छ। दलहरूको चरित्र नै स्वार्थ पूरा गर्न जेसुकै गर्ने खालको रहेकाले यसमा अहिले यस्तो निर्णय लिनुमा त्यसैले काम गरेको उनी औंल्याउँछन्।

‘सरकारमाथि दबाव थियो हाइड्रो माफियाहरूको। यसमा आर्थिक स्वार्थका सवाल पनि थिएन होलान्। सीमित व्यक्तिको स्वार्थ र आर्थिक लेनदेनकै स्वार्थबाहेक अरू केही छ जस्तो मलाई लाग्दैन’, उनी भन्छन्, ‘डेलिभरी दिन सक्ने कुशल प्रशासकका रूपमा कुलमानको पहिचान थियो। उनकै आगमनपछि नेपाल अँध्यारोबाट उज्यालोतिर गएको थियो। त्यसमा अरूको पनि भूमिका थियो होला तर देशमा सर्वत्र निराशा छाइरहेका वेला सबैतिरबाट आन्दोलनको माहोल बनिरहेका वेला सरकारले त्यसमा मट्टितेल थप्ने काम गऱ्यो। यसबाट सायदै कोही खुसी होलान् तर ९९.९९ प्रतिशत मान्छे दुःखी छन्।’

राजनीतिशास्त्री कृष्ण पोखरेल पनि बिचौलियाको स्वार्थ र सत्तामा रहेकाहरूको लालचकै कारण सरकार जनभावनाविपरीतको निर्णय लिन पुगेको ठान्छन्।

‘मुलुकको परिस्थिति विचार गरेर सरकारले निर्णय लिनुपर्ने थियो। तर यसमा सरकार आँखै नदेखे जस्तो गरेर अघि बढ्यो’, सरकारले निर्णय लिनुको कारण औंल्याउँदै उनी भन्छन्, ‘यसमा इन्साइड स्टोरी के देखिन्छ भने आसेपासे र पुँजीपतिहरूको स्वार्थ हाबी भयो त्यसमा सरकारमा बस्नेहरू लोभिए। झल्झली पैसा देखिरहेका छन्, कुलमान रहे त्यो गुम्ने भयो। त्यसकारण जे पर्छ-पर्छ भनेर यो निर्णयमा पुगेको देखिन्छ।’

पोखरेल सरकारको यो कदमलाई सत्तासीन दलहरूले ‘आफ्नै खुट्टामा बन्चरो हानेको’ रूपमा अर्थ्याउँछन्। यसको असर आगामी दिनमा देखिने उनी बताउँछन्।

‘धेरै त तथ्यबाटै कुलमान ठिक थिए भन्ने देखिन्छ। टेक्नीकली बेठिक पनि गरे होलान् तर आमनागरिकले जानेको कुरा त के हो कुलमान आएपछि लोडसेडिङ हट्यो’, उनी भन्छन्, ‘त्यसकारण यसले सरकारको आयु र आगामी निर्वाचनसम्म स्वतः असर गर्छ।’

प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रको सिंगो पंक्तिले कुलमान घिसिङको बर्खास्तीलाई लिएर विरोध गऱ्यो। पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’देखि सबै पदाधिकारी तथा नेता-कार्यकर्ताले सरकारले गलत निर्णय गरेको भन्दै आक्रोश पोखे। विपक्षमै रहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापतिले मैनबत्ती बालेर सांकेतिक विरोध गरे भने अन्य पदाधिकारी तथा सांसदहरूले पनि कुलमान हटाउने निर्णयको विरोध गरे। राप्रपा पनि सरकारले गरेको निर्णयको विपक्षमै उभिएको छ।

विपक्षमा रहेकाहरूले विरोध गर्नु स्वाभाविक भए पनि सत्तामै रहेका नेताहरूले समेत सरकारको निर्णयमा असन्तुष्टि जनाएका छन्। सत्तासाझेदार कांग्रेसका महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापाले सरकारको यो निर्णयमा विमति राखेका हुन्।

शर्माले ‘असन्तुष्टिलाई निराशाको भाष्य बनाएर, प्रतिगमनको खेती गर्नेहरूलाई निरुत्साहित गर्नुपर्ने वेला सरकारले गलत निर्णय लिएको’ बताएका छन्।

उनले घिसिङलाई हटाउन कांग्रेस पदाधिकारी तहको सहमति नरहेको भन्दै सरकारको निर्णय समयोचित नभएको उल्लेख गरेका छन्।

उनले भनेका छन्, ‘कुलमान घिसिङलाई पदबाट हटाउन कांग्रेस पदाधिकारी तहको सहमति थिएन। बाँकी पदावधि काम गर्न दिन र नहटाउन आन्तरिक तथा सार्वजनिक रूपमै सजग गराइएको थियो। कारबाहीयोग्य केही भए, पछि पनि गर्न मिल्थ्यो। केही राम्रा प्रयास छायाँमा पार्ने गरी सरकारले कुलमान हटाउनु हुन्न थियो। सरकारको यो निर्णय समयोचित बिल्कुलै भएन। असन्तुष्टिलाई निराशाको भाष्य बनाएर प्रतिगमनको खेती गर्नेहरूलाई निरुत्साहित गर्नुपर्ने वेला सरकारले गलत निर्णय जो लियो, यसप्रति खुला र प्रष्ट रूपमा विमति छ।’

अर्का महामन्त्री थापाले असन्तुष्टिको आगोमा मट्टितेल हाल्ने काम सरकारले गरेको टिप्पणी गरेका छन्। निर्णय गलत रहेको भन्दै उनले उल्टो बाटो हिँडेर सही गन्तव्यमा नपुगिने बताएका छन्।

‘आमनागरिकमा असन्तुष्टि बढ्दो छ। त्यही असन्तुष्टिको तावामा स्वार्थको रोटी सेक्न उद्यत एउटा तप्का सलबलाइरहेको छ। यस्तो वेला सरकारको डेलिभरीबाट त्यो असन्तुष्टिलाई सम्बोधन गर्दै आगो नै निभाइदिऊ भनेर हामी दिनरात नभनी मेहनत गर्ने सरकार चाहिँ आफैँ असन्तुष्टिको आगोमा मट्टितेल हाल्ने काम गर्ने? हामीले यस्तो नगरौँ है भन्दा सुनेको जस्तो पनि गर्ने तर निर्णय फेरि यस्तो गलत गर्ने?’, उनले भनेका छन्, ‘मन्त्रीहरूले बाटो बिराउँदा प्रधानमन्त्रीले सम्हाल्नुपर्ने हो... तर विडम्बना त्यो भएन, निर्णय गलत छ, सरकार! उल्टो बाटो हिँडेर सही गन्तव्यमा पुगिँदैन।’

संस्थापन इतर समूहका नेता डा. शेखर कोइरालाले घिसिङ हटाउने सरकारको निर्णयलाई ‘कुशासनको निरन्तरताको अर्को कडी’ भनेका छन्। सामाजिक सञ्जालमा उनले लेखेका छन्, ‘सरकारको कुशासनको निरन्तरताको अर्को कडी : कुलमान घिसिङलाई हटाउने सरकारी निर्णयको पुष्टि न कहिल्यै सरकारले गर्न सक्छ, न पार्टीले। नेपाली कांग्रेसले त यसको स्वामित्व लिनै हुन्न। यसरी कति दिन चल्ने र चलाउने ? विनाशकाले विपरीत बुद्धि।’

अन्य नेता तथा सांसदहरूले पनि कुलमान हटाउने निर्णयको विरोध गरेका छन्। यद्यपि कांग्रेसजनको विमतिलाई ‘म कुटेजस्तो गर्छु, तँ रोएजस्तो गर’ मात्र गर्न खोजिएको भनेर धेरैले कटाक्ष गरेका छन्।

यसमा राजनीतिशास्त्री पोखरेल पनि मिल्दो मत व्यक्त गर्छन्। उनी भन्छन्, ‘विरोध त गऱ्या छन्, तर यसमा उनीहरूले रोक्नै चाहिँ रोकेनन् ? त्यसकारण कांग्रेस महामन्त्रीहरूले पनि जनताको अगाडि आफूलाई चोखो देखाउन मात्र भनेको देखिन्छ।’

विश्लेषक आचार्य पनि साँच्चिकै चाहेको भए सत्तासीन दलका नेताहरूले निर्णय रोक्न सक्ने बताउँछन्। उनी भन्छन्, ‘सरकारमा बस्नेहरूले चाहेको भए रोक्न सक्थे।’

## पेसीको सूचना पठाउने अनलाइन प्रणाली शुभारम्भ

झापा(प्रस) । सर्वोच्च अदालतबाट मुख्य न्यायाधिवक्ताको कार्यालयलाई दिइने पेसीको सूचना पठाउने अनलाइन प्रणाली शुभारम्भ गरिएको छ ।

मंगलबार सर्वोच्चमा आयोजित एक कार्यक्रमकाबीच प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले सातै प्रदेशमा रहेका मुख्य न्यायाधिवक्ताको कार्यालयलाई पेसीको सूचना पठाउने अनलाइन प्रणालीको शुभारम्भ गरेका हुन् ।

त्यस्तै उनले जिल्ला अदालतहरूमा दर्ता हुने विशेष प्रकृतिको निवेदन दर्ता तथा व्यवस्थापन गर्ने अनलाइन प्रणालीको समेत सुरुवात गरे ।

यसबाट मुद्दाको सुनुवाइ प्रक्रिया छिटो छरितो हुने तथा अदालतहरूमा न्यून कागजात प्रयोग हुने निकायको रूपमा विकास हुने अपेक्षा गरिएको सर्वोच्चले जनाएको छ ।

कार्यक्रममा प्रधानन्यायाधीश राउतले प्रविधिमार्फत हुने सुधारलाई निरन्तरता दिने र यसले न्याय क्षेत्रमा अनियमितता हटाउँदै सेवा सुविधालाई प्रभावकारी बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गरे । उनले जसरी भएपनि न्यायक्षेत्रलाई सुधार गरेरै छाड्ने प्रतिबद्धता जनाए । अदालतहरूको मुद्दा व्यवस्थापनलाई सरल, सहज र प्रभावकारी बनाउन सर्वोच्च अदालतले सूचना प्रविधिको प्रयोगमा जोड दिइरहेको उनले बताए ।

## यातायात कार्यालयबाट १२ जना बिचौलिया पक्राउ



झापा(प्रस) । मोरङमा यातायात कार्यालय विराटनगरबाट बिचौलिया काम गर्ने १२ जना पक्राउ परेका छन्।

विराटनगर महानगरपालिका वडा नम्बर ४ स्थित यातायात कार्यालय विराटनगर अगाडि बिचौलियाको रूपमा काम गर्ने, सर्वसाधारण मानिसलाई प्रलोभनमा पारी दुःख दिने, हैरानी दिनेलाई पक्राउ गरिएको हो। पक्राउ पर्नेमा विराटनगर महानगरपालिका- ३ का ४१ वर्षीय सन्जिव कोइराला, २४ वर्षीय राजेश खड्का, २५ वर्षीय गौरव कुमार माझी, ३७ वर्षीय राजु कोइराला, २२ वर्षीय राजीव मण्डल, महानगरपालिका-११ बस्ने २७ वर्षीय युवराज लम्साल छन्।

त्यस्तै, महानगरपालिका-५ बस्ने ३१ वर्षीय अनिल बस्नेत, सुनसरी बर्जु गाउँपलिका-६ बस्ने २७ वर्षीय प्रविणकुमार थन्दार, मोरङ कटहरी गाउँपालिका-१ का ३७ वर्षीय भागवत राजवंशी, मोरङ बुढीगंगा गाउँपालिका-२ का ५० वर्षीय उदय कार्की र सोही गाउँपालिका वडा -१ का २१ वर्षीय सुनिल दाहाल र विराटनगर महानगरपालिका-३ का २९ वर्षीय अजयकुमार मण्डल पक्राउ परेका हुन्। उनीहरूलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको इन्स्पेक्टर सरोज खनालको टोलीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मोरङका डिएसपी वेदप्रकाश जोशीले जानकारी दिए।

## तीन महिनापछि भोजपुरमा निगमको उडान सुरु



झापा(प्रस)। बन्द भएको तीन महिनापछि भोजपुर नगरपालिका-१२ टक्सारस्थित विमानस्थलमा उडान सुरु भएको छ ।

गत पुषदेखि बन्द विमानस्थलमा नेपाल वायुसेवा निगमको जहाजले मंगलवारदेखि उडान सुरु गरेको निगम भोजपुरका स्टेशन प्रमुख प्रकाश खड्काले जानकारी दिए । उनका अनुसार भोजपुरमा अब नयाँ तालिका अनुसार उडान हुनेछ ।

विसं २०३५ देखि उडान सुरु भएको त्यहाँ निगमको जहाजले मात्र सेवा दिँदै आइरहेको छ । पाँच सय ४५ मिटर लम्बाइ र २० मिटर चौडाइको धावनमार्ग भएको विमानस्थलमा अन्य जहाजले उडान भर्दैनन् । उडान बन्द हुँदा जिल्ला अस्पतालबाट काठमाडौँ रेफर गरिएका बिरामी र यात्रुहरु मारमा परेका थिए ।

निगमका दुई वटा साना विमानमध्ये एउटा मर्मत भइरहेको र मर्मत सकिएपछि उडानमा सहज हुने निगमले जनाएको छ ।

## स्वास्थ्य बीमा बोर्डको अध्यक्षमा थापा नियुक्त



झापा(प्रस) । स्वास्थ्य बीमा बोर्डको अध्यक्षमा चन्द्रबहादुर थापा क्षेत्री नियुक्त भएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदिप पौडेलले मंगलबार मन्त्रालयमा थापालाई पद तथा गोपनीयताको सपथ ग्रहण गराएका छन् ।

थापाको नियुक्तिपछि स्वास्थ्य बीमा बोर्डले गति लिने विश्वास गरेको मन्त्री पौडेलले बताए । “तपाईंको नेतृत्वमा स्वास्थ्य बीमामा सुधार ल्याएर आम नागरिकको पहुँच बढाउने हाम्रो लक्ष्य प्राप्ति हुने विश्वास लिएको छु“, मन्त्री पौडेलले भने ।

बोर्डको निर्देशकमा विकास अर्थशास्त्री डा. रघुराज काफ्ले नियुक्त भैसकेका छन् । मन्त्री पौडेलले स्वास्थ्य बीमाको सुधार र स्वास्थ्य बीमा कोष बलियो पार्दै यसको दिगोपना प्राथमिकतामा रहेको बताउँदै आएका छन् । हालै मात्र उनले स्रोत थप गर्न सकिने विकल्पहरु प्रस्तुत गर्दै यसमा सबै क्षेत्रबाट सहयोगको अपेक्षा गरिएको बताएका छन् । बोर्डको कार्यलाई प्रभावकारी बनाउन आवश्यक नीतिगत व्यवस्था गर्नका लागि मन्त्रालय प्रतिबद्ध रहेको मन्त्री पौडेलले सो अवसरमा बताए ।

## सार्थक...

उत्तीर्ण हुने गरेको पाइन्छ । जनजातिको कोटामा उत्तीर्ण हुनेहरूमा निकै असमावेशीपन देखिन्छ र देशमा रहेका आदिवासी जनजाति मध्ये एक चौथाइभन्दा कमले नै प्रभुत्व जमाइरहेको पाइन्छ ।

मधेशीको हकमा पनि मधेशका केही सीमित मानिसले मात्र निरन्तर आरक्षणको फाइदा उठाइरहेको देखिन्छ भने दलितको हकमा आरक्षणको कोटाबाट पहाडका विश्वकर्मालगायतका केही सीमित दलितले मात्र लाभप्राप्त गरिरहेका छन् । दलितको आरक्षण कोटामा तराईका दलित उम्मेदवार छनोट भएको देख्न पाइँदैन । अपाङ्गताको आरक्षित कोटामा जतिको लापर्बाही तथा दुरुपयोग सायदै होला । पहुँचको भरमा सामान्य शारीरिक अवस्था भएकाले समेत अपाङ्गता परिचयपत्र लिएर लोक सेवाको परीक्षामा अपाङ्गताको कोटाबाट जागिर खाने प्रयत्न गर्ने गरेको र धेरैले अपाङ्गताको झुटो विवरण पेस गरेर जागिर खान सफल भई वास्तविक अपाङ्गताको भाग खोसिरहेका छन् ।

उता पिछडिएको क्षेत्रका लागि दिइने आरक्षणमा तोकिएका पिछडिएका भनिएका जिल्लाबाट राजधानीलगायतका सहरमा आएर अध्ययन, अध्यापन तथा विभिन्न खाले जागिर तथा व्यवसाय गर्न सक्षम हुनेखाने वा नागरिकतामा जन्मस्थान भएकै आधारमा फाइदा लुट्ने वर्गका सन्ततिहरूले फाइदा लिइरहेका छन् । आफ्नो जिल्ला छाडेर अन्त जानै नसक्ने आर्थिक हैसियत भएका वास्तविक पिछडिएको क्षेत्रका मानिसहरू यसबाट लाभान्वित हुन सकिरहेका छैनन् । त्यसैले राजधानी वा अन्य सहरी केन्द्रहरूबाट निजामतीलगायतका सेवामा खुल्ने विज्ञापनमा पिछडिएको क्षेत्रका लागि कोटा छुट्याउनु युक्तिसङ्गत छैन । पिछडिएको क्षेत्रका लागि केन्द्र वा लोक सेवाका अन्य क्षेत्रबाट खुलाइने विज्ञापनमा कोटा छुट्याउनुको साटो पिछडिएको क्षेत्रको रूपमा रहेका नौ जिल्लाका लागि मात्रै एक केन्द्र तोकी त्यहीँबाट मात्रै पिछडिएको क्षेत्रको आरक्षित सिटमा विज्ञापन खुलाउने र परीक्षा दिन लगाउने व्यवस्था गर्नु पर्छ । यसो गर्दा पिछडिएको क्षेत्रका वास्तविक पिछडिएका वर्गले अवसर पाउँछन् ।

संविधान र कानुनमा समावेशीकरणका लागि जे जति व्यवस्था छन् र अक्षरहरू खर्चिएका छन् ती केवल जेनतेन संख्या पुऱ्याउने कामका लागि मात्र होइनन् । कानुनका अक्षरमा अन्तरनिहित भावना भनेको वास्तविक सीमान्तकृत वर्गलाई समावेशीकरणको सिद्धान्त अनुरूप पहिचान, प्रतिनिधित्व हुँदै पहुँच र प्रतिफलको तहसम्म पुऱ्याउने नै हो । वास्तविक रूपमा समावेशीकरणलाई सार्थक बनाउन यसलाई केवल संख्यात्मक आरक्षणको कर्मकाण्डबाट माथि उठाउनु आवश्यक छ ।

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**
**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज आकस्मिक धनलाभ हुनेछ । महिला वर्गबाट सहयोग मिल्नेछ ।

**वृष** कूटनीतिक नियोगको सहयोग मिल्ला । पारिवारिक सद्भाव पनि बढ्नेछ ।

**मिथुन** आज शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**कर्कट** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**सिंह** आज विशिष्ट व्यक्तिको भेटघाटले मन प्रसन्न हुनेछ ।

**कन्या** अरूलाई प्रभावित पारेर काम बन्नेछ । आयआर्जनका क्षेत्रमा सुधार आउनेछ ।

**तुला** बन्न लागेको काम बिग्रनसक्छ । प्रेममा बाधाका साथै मन कमजोर रहला ।

**वृश्चिक** सामाजिक संस्थाबाट सहयोग र पदोन्नतिको सम्भावना प्रबल रहेको छ ।

**धनु** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ ।व्यापार, व्यवसायमा चैं लाभ नमिल्ला ।

**मकर** नयाँ कार्यको प्रारम्भ हुने र पुनर्मिलनको योग पनि रहेको छ ।

**कुम्भ** लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । सामान हराउने भय पनि छ ।

**मिन** आज स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ । सौन्दर्यतामा धन खर्च हुनेछ ।